# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चरिकोट, दोलखा

पत्र संख्या : २०८१/८२
चलानी नं. : २०२१

मिति : २०८१/११/१२

विषय : कक्षा ८ को अन्तिम परीक्षा तालिका तथा निर्देशन सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा ८ सञ्चालित मात्र)
भीमेश्वर नगरपालिका, दोलखा ।

उपर्युक्त सम्वन्धमा मिति २०८१/११/१२ गते बसेको आधारभूत तह उत्तीर्ण परीक्षा समितिको बैठकको निर्णय अनुसार आधारभूत तह उत्तीर्ण (कक्षा ८ को अन्तिम) परीक्षा तपसिलको मिति र समयमा तोकिएका परीक्षा केन्द्रमा सञ्चालन गरिने भएको हुँदा सोही अनुसार आवश्यक व्यवस्था मिलाई देहायका निर्देशनहरुको परिधिभित्र रही परीक्षा सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ ।

**परीक्षा तालिका**

| क्र.सं. | मिति | विषय | समय |
|---|---|---|---|
| १. | २०८१/१२/०८ गते | विज्ञान र प्रविधि | दिउँसो १२:०० बजेदेखि |
| २. | २०८१/१२/१० गते | गणित | |
| ३. | २०८१/१२/११ गते | नेपाली | |
| ४. | २०८१/१२/१२ गते | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | |
| ५. | २०८१/१२/१३ गते | अङ्ग्रेजी | |
| ६. | २०८१/१२/१४ गते | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | |
| ७. | २०८१/१२/१५ गते | भीमेश्वर सेरोफेरो (स्थानीय पाठ्यक्रम) | |

**निर्देशन**

१. मिति २०८१ चैत्र ५ गते देखि प्रश्नपत्र तथा उत्तरपुस्तिका तथा प्रवेशपत्र परीक्षाकेन्द्रमा तोकिएको केन्द्राध्यक्षले शिक्षा, युवा तथा खेलकुद शाखाबाट बुझी लैजानुपर्नेछ ।

२. आधारभूत तह उत्तीर्ण परीक्षाको परीक्षा केन्द्र पायक पर्ने माध्यमिक विद्यालयहरुमा कायम गरी परीक्षा सञ्चालन एवम् व्यवस्थापन गर्न केन्द्राध्यक्ष तोकी पठाइनेछ र सोही अनुसार आवश्यक सहयोग गरी व्यवस्था मिलाउनु पर्नेछ ।

३. उत्तरपुस्तिका, प्रश्नपत्र तथा मार्कसिट भीमेश्वर नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखाबाट उपलब्ध गराइने छ ।

४. विद्यार्थीहरुको प्रवेश पत्र इमिसबाट प्रिन्ट गरी सम्बन्धित विद्यालयको प्र.अ ले फोटोमा समेत प्रमाणित गरी मिति २०८१/१२/०१ गतेभित्र बुझाउने र शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रमाणित गरी सम्बन्धित परीक्षा केन्द्रमा पठाइने छ ।

५. आन्तरिक परीक्षाको व्यवस्थापन सम्बन्धित विद्यालयले गरी आन्तरिक मूल्याङ्कनका अङ्क २०८१ फागुन मसान्तभित्र **IEMIS** मा प्रविष्ट गरी सक्नुपर्ने छ ।

६. परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिका बस्तुनिष्ठ ढङ्गले सम्बन्धित केन्द्रबाट शिलबन्दी गरी शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउने र उत्तरपुस्तिका परीक्षण भएपछि **IEMIS** मा अङ्क प्रविष्ट गरी समितिबाट प्रमाणित गराएपछि मात्र नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।

७. सम्बन्धित केन्द्रका केन्द्राध्यक्षले बाह्य परीक्षाका सम्पूर्ण विषयको उत्तरपुस्तिका परीक्षा सञ्चालन भएका नजिकका केन्द्रले सोहिदिन र टाढा रहेका केन्द्रले भोलिपल्टसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्ने छ ।

८. परीक्षालाई आवश्यक भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन गरी मर्यादित रुपमा परीक्षा सञ्चालन केन्द्राध्यक्षले गर्नुपर्ने छ ।

९. परीक्षा तालिका अनुसार प्रश्नपत्र खोल्दा परीक्षा सुरु हुनुभन्दा आधा घण्टाअघि केन्द्राध्यक्षले अन्य दुई जना शिक्षक सहितको रोहवरमा खोल्ने । भुलवस प्रश्नपत्र फरक विषयको पर्न गएको खण्डमा यथाशीघ्र शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरी वैकल्पिक व्यवस्था गरी परीक्षा सञ्चालन गर्नुपर्ने छ ।

१०. परीक्षाको नतिजा अक्षराङ्कन् पद्धति (**Letter Grading system**) अनुसार प्रकाशन गरिने छ ।

११. माथि उल्लिखित निर्देशनमा कुनै अस्पस्टता भएमा शिक्षा,युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत